## बैठक नं. २

आज मिति २०८१।०४।१५ गते दिनको ३:०० बजेको समयमा उच्च सरकारी वकील कार्यालय नेपालगञ्जमा उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री उमाकान्त पौडेलज्यूको संयोजकत्वमा उच्च सरकारी वकील कार्यालयमा उपन्यायाधिवक्ताहरु, सहायक न्यायाधिवक्ताहरु, जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियाका जिल्ला न्यायाधिवक्ताहरु, सहायक जिल्ला न्यायाधिवक्ताहरुको बीचमा कार्यालय सम्बन्धी कामकाज र वार्षिक कार्य योजनाको सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरि निम्न सरकारी वकीलहरुको उपस्थितिमा निम्न अनुसार निर्णय गरियो।

### उपस्थितिः

१. उमाकान्त पौडेल,सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज
२. देवराज भारती, उपन्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज
३. बिष्णु प्रसाद पौडेल, जिल्ला न्यायाधिवक्ता, जि.स.व.का, बाँके
४. कर्ण बहादुर बुढा क्षेत्री, जिल्ला न्यायाधिवक्ता, जि.स.व.का, बर्दिया
५. नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता, उ.स.व.का., नेपालगञ्ज
६. धर्मराज न्यौपाने, सहायक जिल्ला न्यायाधिवक्ता, जि.स.व.का.बाँके
७. सुनमाया मल्ल, सहायक जिल्ला न्यायाधिवक्ता,जि.स.व.का.बाँके
८. शिवराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता,जि.स.व.का.बर्दिया
९. सृजना आचार्य, सहायक न्यायाधिवक्ता, उ. स. व. का. नेपालगञ्ज

सहायक कर्मचारी

१ झुपलाल पुन, नायव सुब्बा, जि.स.व.का, बाँके
२ पुर्णबहादुर कटुवाल, नायव सुब्बा, उ. स. व. का. नेपालगञ्ज
३ बसन्त न्यौपाने, जि.स.व.का, बर्दिया

प्रस्तावहरु

१ आ.व. ०८०।०८१ को वार्षिक कार्ययोजनाको समिक्षा सम्बन्धमा ।

२ मातहत कार्यालयको आ.व. ०८१।०८२ को वार्षिक कार्य योजनाको स्विकृत सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा आ.व. ०८०।०८१ को वार्षिक कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा सम्पन्न क्रियाकलापहरुको आ-आफ्नो कार्यालयको प्रगति प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय बाँकेका जिल्ला न्यायाधिवक्ता श्री विष्णु प्रसाद पौडेल र जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढा क्षेत्रीले प्रस्तुती गर्नु भयो। यसैगरी उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री उमाकान्त पौडेलले उच्च सरकारी वकील कार्यालयबाट वार्षिक कार्ययोजना अन्तर्गत आ.व. ०८०।०८१ मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति प्रतिवेदन र महान्यायाधिवक्ताको कार्यालयबाट स्विकृत आ.व. ०८१।०८२ को उच्च सरकारी वकील कार्यालयको वार्षिक कार्ययोजनाको प्रस्तुती गर्नु भएको थियो । आगामी आ.व. ०८१।०८२ अन्तर्गत उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज र मातहत सरकारी वकील कार्यालयहरुले स्विकृत वार्षिक कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गरी अर्ध वार्षिक प्रतिवेदन तयार गरी अर्ध वार्षिक समिक्षा गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा मातहत कार्यालयहरु जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियाले आ.व. ०८१।०८२ को उच्च सरकारी वकील कार्यालय नेपालगञ्जमा पेश गरिएको वार्षिक कार्य योजना सम्बन्धमा छलफल गरी परिमार्जन सहित एकरुपता कायम गरी उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ताबाट श्री उमाकान्त पौडेलबाट स्विकृत गर्ने निर्णय गरियो ।

३. उक्त स्विकृत वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियामा पठाउने निर्णय समेत गरियो ।